बैठक संख्याः ८३

आज मिति २०८३ साल श्रावण २९ गते शुक्रबार दिनको २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | अनुपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभ लक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री सुभद्रा वजगाईं | अनुपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २० | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २१ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २२ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २३ | सदस्य | श्री रवीन्द्र सुनार | उपस्थित |
| २४ | सचिव (प्र.प्र.अ.) | श्री उर्मिला काफ्ले | उपस्थित |

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

उपप्रमुख

-:: छलफलका विषयहरू ::-

१) बनेपा नगरपालिकाको कार्यविभाजन नियमावली कार्यसम्पादन नियमावली तथा नगर .कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि सम्वन्धमा । ।

२) नक्सा पास दस्तुर छुट सम्वन्धमा ।

३) खानेपानी जग्गा सीमाङ्कन तथा श्रोत सम्बन्धमा ।

४) आर्थिक सहयोग सम्बन्धमा।

-:: निर्णयहरू ::-

निर्णय नं. १

बनेपा नगरपालिकाको प्रस्तावित कार्यविभाजन नियमावली, कार्यसम्पादन नियमावली तथा नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधिहरु उपर छलफल गरियो ।

निर्णय नं. २

बनेपा नगरपालिका वडा नं ११ सिनागाल पाकुडोल स्थित कित्ता नं ४०५ क्षेत्रफल १-१२-२-२ भएको जग्गामा निर्माण हुन लागेको श्री राधामाधव समितिको भवन निर्माणका लागि बनेपा नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था नभएकोले हाल नक्सा पास दस्तुर छुट दिन नसकिने निर्णय गरियो ।

निर्णय नं. ३

बनेपा नगरपालिका वडा नं ५ अन्तरगत रहेको चण्डेश्वरी डिपबोरिङ खानेपानी तथा सरसफाई उपभोक्ता समितिले पेश गरेको खानेपानीको जग्गा सिमाङ्कन गरी स्रोतजोहो गरी पाँउ भन्ने प्रस्तावमा आवश्यक निर्णयका लागि सम्बन्धित वडा अध्यक्षको संयोगक्तवमा बैठक वसी आवश्यक निर्णय गर्ने।

निर्णय नं. ४

बनेपा नगरपालिकामा आर्थिक सहायताका लागि पेश भएका निवेदन उपर छलफल हुँदा आर्थिक सहायता उपलब्ध गराउनका लागि चाहिने आवश्यक मापदण्ड तथा कार्यविधि तर्जुमा गरी सोही बमोजिम गर्ने गराउने निर्णय गरियो ।

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

उपप्रमुख